# रंगेली नगरपालिका
## Rangeli Municipality
# नगर कार्यपालिकाको कार्यालय
## Office Of Municipal Executive
रंगेली, मोरङ
Rangeli,Morang

कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal

आ. व. (F.Y.): २०८१/०८२
च. न. : २२६ (आ.पु. शाखा)

२०८२/०३/०८

श्री सरोकारवालाहरु सबै,
रंगेली नगरपालिका, मोरङ्ग,

**बिषय: अन्तिम भुक्तानी सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा आ.ब. २०८१/८२ मा यस रंगेली नगरपालिकाले सञ्चालन गरेका योजना तथा कार्यक्रमहरुको भुक्तानी सम्बन्धमा आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३० को उपनियम (१) र (७) मा आर्थिक बर्ष समाप्त हुनु भन्दा कम्तिमा ७ दिन अगाबै भुक्तानी दिई भुक्तानी निकासा बन्द गर्नुपर्ने ब्यबस्था रहेको छ । सोही बमोजिम ७ दिन अगाबै स्थानिय तह भुक्तानी प्रणाली (SUTRA) समेत बन्द हुने तथा सिस्टममा देभरको कार्यबोझका कारण हुने सर्भर डाउन, SUTRA को न्युन गति, बर्षात, इन्टरनेटको समस्या लगाएत अन्य बिभिन्न प्राबिधिक समस्याका कारण भुक्तानी प्रकृयामा समस्या सृजना हुन सक्ने भएकाले नगरपालिकाबाट भुक्तानी लिन बाकी सम्पुर्ण सरोकारवालाहरुमा योजना तथा कार्यक्रम सम्पन्न तथा फरफारक गरी रितपुर्बक र प्रकृया पुरा गरी असार १५ गते भित्र पेश्की फर्चौट तथा भुक्तानीको लागी लेखा शाखामा पेश गरिसक्नुहुन अनुरोध छ।

पुनश्च: तोकिएको समय भन्दा पछाडी र प्रकृया पुरा नगरी पेश हुन आएका कागजातको भुक्तानी हुन नसकेमा सो को जिम्मा पेशकर्ता वा भुक्तानी प्राप्तकर्ता स्वयम हुने ब्यहोरा अनुरोध छ ।

ब्रिबेक तिम्सिना
लेखा अधिकृत

२०८२/०३/०८
प्रदिप शाह
प्रमुख प्रशासकिय अधिकृत